# समझौता पत्र

## बलरा बहुप्राविधिक शिक्षालय

## बलरा-४ सर्लाही

## र

## काका सामुदायिक सिकाइ केन्द्र

## बलरा-४ सर्लाही

## बीच

काका जेहन्दार / विपन्न छात्रवृति सम्बन्धी समझौता पत्र

काका सामुदायिक केन्द्रको तर्फ बाट

बलरा बहुप्राविधिक शिक्षालयको तर्फ बाट

११ असोज २०७९

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# बलरा बहुप्राबिधिक शिक्षालय

बलरा-०४,सर्लाही

**पत्र** संख्या: मिति: २०७९/०६/११

**चलानी** नं:

**काका जेहनदार / विपन्न छात्रवृति सम्वन्धी समझौता-पत्र**

**हामी** तपसिलमा उल्लेखित दुई पक्षहरू **(प्रथम पक्ष छात्रवृति दाता काका सामुदायिक सिकाइ केन्द्र र दोस्रो पक्ष छात्रवृति वितरक बलरा बहुप्राविधिक शिक्षालय)** बीच निम्न सर्त बन्देजभित्र रही काका जेहनदार / विपन्न छात्रवृति सम्बन्धी समझौता गरी एक/एक **प्रति** लियौ / दियौ ।

**सर्तहरू**

१) **बलरा** नगरपालिका भित्रका ११ जना विधार्थी घरमा बसी प्राविधिक शिक्षा हासिल गरुन र बलरा बहुप्राविधिक शिक्षालयमा विधार्थी **प्रतिस्पर्धाको** आकर्षण बढ्दै जाओस भन्ने उदेश्य लिई काका जेहनदार / विपन्न छात्रवृतिको स्थापना काका सामुदायिक सिकाइ केन्द्र **बलरा**-०४, सर्लाहीले शैक्षिक सत्र २०७९ देखि प्रारम्भ हुने छ ।

२) **बलरा** नगरपालिकाको प्रत्येक वडाबाट एक जना पर्ने गरी ११ जना विधार्थीलाई यो छात्रवृति प्रदान गरिने छ र एउटै वडाबाट **एकभन्दा** बढी विधार्थी उतीर्ण भएको खण्डमा वा कुनै वडाबाट उतीर्ण न भएको खण्डमा त्यस वडाहरुको छात्रवृति सम्बन्धी सम्पूर्ण **निर्णय** गर्ने अधिकार प्रथम पक्षमा निहित हुने छ ।

३) यस छात्रवृतिको रकम प्रति विधार्थी रु ५००००/- (पचास हजार) प्रथम पक्षद्वारा दिइनेछ, जुन क्रमश: प्रथम वर्ष प्रथम खण्डमा रु १७०००/- (सत्र हजार) प्रथम वर्ष दोस्रो खण्डमा रु ३०००/- (तिन हजार) र दोस्रो वर्ष प्रथम खण्ड देखि तेस्रो वर्ष दोस्रो खण्ड सम्म क्रमस. रु ७५००/- (सात हजार पाच सय)को दरले पत्र्येक खण्डमा प्रदान गरिने छ ।

४) प्रवेश परीक्षा उतीर्ण गरी नामांकनका लागी तयार भएको बलरा नगरपालिका भित्रका विधार्थिहरुको सूची ठेगाना सहित दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउनेछ ।

५) प्रथम पक्षले तिर्नुपर्ने कुल रकमको विवरण दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउने छ र सो रकम यस शिक्षालयको नाममा रहेको रा.वा.बैंक बलराको खाता न. १८६०१००००१२३००१ मा जम्मा गरी भौचरको प्रतिलिपि १० दिन भित्र दोस्रो पक्षलाई बुझाउनु पर्ने छ ।

६) प्रत्येक वर्षको खण्ड (Semester) परीक्षामा कम्तिमा ५०% (पचास प्रतिशत) वा सो भन्दा बढी विषयमा उतीर्ण भएको विधार्थीले मात्र त्यस खण्डको छात्रवृति पाउने छ साथै निजहरुको उपस्थिति कक्षामा कम्तिमा ८०% हुनु पर्ने छ ।

७) पहिलो पक्षले समझौता भंग गर्नु परेमा कम्तिमा १ वर्ष पहिले दोस्रो पक्षलाई लिखित जानकारी गराउनु पर्ने छ र छात्रवृति पाई रहेको विधार्थीहरु बूंदा ६ अनुसार तेस्रो वर्ष दोस्रो खण्ड सम्म निजहरुको छात्रवृतिको निरन्तरता कायम रहने छ ।

८) दोस्रो पक्षले विधार्थी भर्ना गर्ने सुचना प्रकाशन गर्दा बलरा नगरपालिकाका विधार्थीहरु मध्ये बाट योग्यताक्रमको आधारमा प्रत्येक वडाबाट एक जना पर्ने गरी ११ जना विधार्थिले रु ५००००/-(पचास हजार मात्र) का दरले काका जेहनदार / विपन्न छात्रवृति पनि पाउने व्यवस्था रहेको जानकारी नामांकनको लागी प्रकाशित सुचनामा उल्लेख गर्नु पर्ने छ ।

९) यस समझौतामा समयानकुल परिमार्जन दुवै पक्षको सहमतिमा गर्न सकिने छ ।

**समझौता गर्ने**

| | |
|---|---|
| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
| डा.कमलेश्वर कुमार सिन्हा | अजय कुमार सिंह |
| अध्यक्ष | शिक्षालय प्रमुख |
| काका सामुदायिक सिकाइ केन्द्र | बलरा बहुप्राविधिक शिक्षालय |
| बलरा-०४,सर्लाही | बलरा-०४,सर्लाही |
| मो.नं.: ९८५११४२१४२ | मो.नं.: ९८५४०४४०२० |

**बि.स. २०७९ साल असोज ११ गते रोज मंगलवार शुभम।**